# स्थानीय राजपत्र

केरावारी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ६, संख्या २९, १५ चैत्र २०७९


## भाग-२

# केराबारी गाउँपालिकाको खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन (प्रथम संशोधन) कार्यविधि २०७९

कार्यपालिकावाट स्वीकृत मितिः२०७९।१२।१५

प्रमाणिकरण मितिः २०७९।१२।१५

<u>प्रस्तावना</u> **केराबारी गाउँपालिकाको खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि, २०७८** लाई समायानुकुल संशोधन गर्न वाञ्छनीय भएकाले,

केराबारी गाउँपालिका गाउँकार्यपालिकाको वैठकले स्वीकृत गरी यो कार्यविधि लागु गरेको छ ।

## परिच्छेद १

## प्रारम्भिक

**१. <u>संक्षिप्त नाम र प्रारम्भ</u>** :- (१) यो कार्यविधिको नाम " **केराबारी गाउँपालिकाको खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन (प्रथम संशोधन) कार्यविधि, २०७९,** " रहेको छ ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाले स्वीकृत गरेको मितिदेखि प्रारम्भ हुनेछ ।

(३) परिभाषाः कार्यविधि भन्नाले **केराबारी गाउँपालिकाको केराबारी गाउँपालिकाको खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि, २०७८ सम्झनुपर्छ ।**

**२. मुल कार्यविधिको दफा ४ मा उपदफा २ र उपदफा ३ देहाय वमोजिम राखि थप गरिएको छ ।**

क. उपदफा "२)केराबारी गाउँपालिकाको भूगोलभित्रका नदि वा जमिनवाट खानेपानी निकाली केराबारी गाउँपालिकाका अधिकाशं वडामा खानेपानी वितरण गर्ने उद्देश्यले स्थापनाका लागि प्रस्ताव गरिएका वा स्थापना भएका खानेपानी उपभोक्ता समिति केराबारी गाउँ कार्यपालिकाको निर्णय पश्चात दर्ता गर्ने ।

ख. उपदफा ३) मुहान(मुल)वाहेक गाउँपालिकाको भूगोलभित्रका नदी वा जमिनवाट खानेपानी निकाली वडा तथा वस्तीमा संचालन, वितरण हुने उदेश्यका खानेपानी समिति उपदफा १ वमोजिम कै समितिवाट दर्ता अनुमति दिन सक्नेछ" ।

ग. उपदफा "४) खानेपानी तथा सरसफाई उपभोक्ता समिति साविकमा जिल्ला समन्वय समितिमा दर्ता भई दर्ता सूचिकरण वा नवीकरणका लागि आएमा वा जिल्ला समन्वय समितिवाट दर्ता सम्वन्धि कागजात सहित पठाएको अवस्थामा समेत पहिलो पटकका लागि उल्लेखित कार्यपालिकाको निर्णयपश्चात नवीकरण गर्ने"

आज्ञाले,
नवराज कार्की
प्रमुख प्रशासकीय अधिकृत